**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २२ अप्रेल २०२४

समयः १८:५० - १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. दार्जीलिङ लोकसभा चुनावको प्रचार अभियान अब केवल दुई दिन बाँकी छ। २४ अप्रेलको दिन बेलुकी ५ बजे पछि प्रचार अभियान समाप्त हुनेछ।

२. दार्जीलिङकी जिल्लापाल तथा रिटर्निंग अध्किारी प्रिती गोयलले आज जदार्जीलिङमा एउटा संवाददाता सम्मेलनलाई संबोधीत गर्दै चुनावी तैयरीहरूबारे जानकारी गराउने भयों

३. पश्चिम बंगालको बहुचर्चित शिक्षक नियुक्ति भ्रष्टाचार मामिलामा कलकत्ता हाई कोर्टले आज महत्वपूर्ण फसेला सुनाएको छ अर्कोतिर यस फैसलालाई मुखयमंत्रीले अबैध बताउनु भएको छ

४. निर्वाचन आयोगले लोकसभा चुनावको प्रत्येक चरण अघि लू को स्थितिको नजर राख्न एक कार्य बल गठन गरेको छ।

**<u>पीएम-अलीगढ</u>**

भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले आज अलिगढमा चुनावी सभालाई सम्बोधन गर्दै विपक्षी दलले पारिवारिक शासन र तुष्टीकरणको राजनीति गरेको आरोप लगाउनु भएको छ। श्री मोदीले भन्नुभयो, "देशबाट गरिबी, भ्रष्टाचार र पारिवारिक शासनको अन्त्य गर्ने यो सही समय हो। कांग्रेस र समाजवादी पार्टीजस्ता दलले जहिले पनि तुष्टीकरणको राजनीति गर्ने गरेको र अल्पसंख्यकको राजनीतिक, सामाजिक र आर्थिक उन्नतिका लागि केही नगरेको उहाँको भनाइ थियो भने भाजपाले देशमा उद्योगहरूलाई बढावा दिन काम गरिरहेकोले जनताले भाजपाको पक्षमा मतदान गर्न पनि अपिल गर्नु भयो।

****** ० ******

**<u>ईलेक्शन दार्जीलिङ</u>**

दार्जीलिङ लोकसभा चुनावको प्रचार अभियान अब केवल दुई दिन बाँकी छ। २४ अप्रेलको दिन बेलुकी ५ बजे पछि प्रचार अभियान समाप्त हुनेछ। यसैबीच मतदाताहरूलाई आफ्नो पक्षमा आकर्षिक गर्न विभिन्न दलहरू तथा निर्दलीय उम्मेद्वारहरूले जोर-शोरले प्रचार गरिरहेका छन्। चुनावी माहौल चरममा पुगेको छ। हिजो भाजपाको पक्षमा केन्द्रिय गृहमंत्री अमित शाहले दार्जीलिङको लेबोंग गोर्खा खेल मैदानमा फोन मार्फत एक जनसभालाई संबोधित गर्नु भयो भने हिजो नै अबेर साँझ रक्षामंत्री राजनाथ सिंहले सिलगड़ीमा एक जनसभालाई संबोधित गर्दै देशको सुरक्षा प्रधानमंत्री नरेन्द्र मोदीको बलियो हातमा रहेको छ। तेस्रो पल्ट प्रधानमंत्री बनाउने भाजपा उम्मेद्वार राजू विष्टलाई फेरि जिताउने आवहान गर्नुभयो। हिजो लेबोंगमा भाजपाको रैलीलाई सम्बोधित गर्दै मानिव सेवा उत्थान समितिका आध्यात्मिक गुरू सतपाल महाराजले देशको गौरवस र गरिमालाई फकाई ल्याउने संसदमा ४०० भन्दा बढ़ी भाजपाको सांसद पठाउनु पर्छ भन्दै दार्जीलिङका भाजपा उम्मेद्वार राजु विष्टलाई अधिक भन्दा अध्किा मत दिएर विजयी बनाउने आवहान गर्नु भएको थियो। भोलि खरसांगमा केन्द्रिय भूविज्ञानमंत्री तथा भाजपा नेता किरन रिजिजुले बिहान १० बजे मन्टिभियट मैदानमा चुनावी जनसभालाई संबोधीत गर्नुहुनेछ तथा अपरान्ह्र सुकनामा एक जनसभालाई संबोधित गर्नु हुनेछ। अर्कोतिर टिएमसी-बीजीपीएम गठबबन्धनले पनि आफ्नो चयुनाव प्रचारलाई तीव्र पारेका छ। आज सिलगड़ीको विधान नगरमा पार्टीका उम्मेद्वार गोपाल लामाको पक्षमा विशाल रोड शो गर्नुभयो। भारतीय गोर्खा प्रजातांत्रिक मोर्चाका

अध्यक्ष अनित थापाले सम्पूर्ण शक्तिका साथ चुनाव प्रचाारमा ओर्लिएका छ। यसै क्रममस कांग्रेस र हाम्रो पार्टीका साझा उम्मेद्वार ड़ा. मुनिष तामंगले नेपाल सीमावती संग खेरीबाी, पानी अंकी र नक्सलबाड़भ क्षेत्रमा चवुनाव प्रचार गरे। निर्दलीय उम्मेद्वारहरूले पनि जोर-शोरले चुनाव प्रचार गरिरहेका छन्। यस सीटमा दोस्रो चरणमा २६ अप्रेलको दिन मतदान हुनेछ। दार्जीलिङ र कालेबुङका जिल्लापालहरूले चुनावी तैयारीलाई अन्तिम रूप दिने प्रयास गरिरहेका छन्।

****** ० ******

**<u>डि.एम प्रेस  कन्फ्रेन्स</u>**

दार्जीलिङकी जिल्लापाल तथा रिटर्निंग अधिकारी प्रिती गोयलले आज दार्जीलिङमा एउटा संवाददाता सम्मेलनलाई संबोधीत गर्दै चुनावी तैयारीहरूबारे जानकारी गराउने भयों ४ दार्जीलिङ लोकसभा आसनको चुनावको लागि २६ अप्रेलको दिन बिहान ७ बजे देखी बेलुकी ६ बे सम्म मतदान हुने बताउँदै यसका लागि दार्जीलिङ र कालेबुङ जिल्लामा जम्मा १९९९ वटा मतदान केन्द्र बनाईएको बताउनुभयो। उहाँले यस आसनमा  पुरूष मतदाताहरूको संख्या ८,८४,३३५ अनि महिला मतदाताहरूकोसंख्या ८,८१,३९८ , तेस्रो लिंगका मतदाता ४१ रहेकोा बताउनुभयो। उहाँले केवल महिलाहरूद्वारा संचालित हुलने आदर्श मतदान केन्द्र ५४ रहेको बताउनु भयों अक्सीलरी मतदान केन्द्र ७ वटा रहने पनि बताउनुभयो। मतदान पछि कालेबुङका लागि एस.एम.यू.आई स्कूल , दार्जीलिङ विधान सभाका लागि दार्जीलिङ सरकारी महाविधालय  , खरसांग विधानसभा क्षेत्रको लागि सन्त अल्फन्सस विधालय मतिगड़ा नक्सलबाड़ीका लागि, सिलगड़ी र फाँसीदेवा विधानसभा क्षेत्रका लागि सिलगड़ी कलेज अनि चोपड़ा विधानसभा क्षेत्रका लागि इस्लामपर कलेजमा ईभीएम र भी.भी पैडहरू राखिने उहाँले भन्नुभयो। मतगणना ४ जूनको दिन हुनेछ। वुनावमा लागि पोलिंग पार्टीळरू , वाहनहरू आदिको तैसरी अन्तिम चरणमा रहेको उहाँले बताउनुभयो।

****** ० ******

**<u>पद्म पुरस्कार</u>**

एक कार्यक्रमको साथमा राष्ट्रपति द्रौपदी मुर्मूले आज राष्ट्रपति भवनमा पद्म पुरस्कार प्रदान गर्नु हुनेछ। श्रीमती मुर्मूले पूर्व उपराष्ट्रपति एम. वेंकैया नायडु र भरतनाट्यम नृत्यांगना डा. पद्मा सुब्रमण्यमलाई पद्म विभूषण प्रदान गर्नुहुनेछ। यसैगरी डॉक्टर विन्देश्वर पाठकलाई मरणोपरान्त पद्म विभूषण प्रदान गरिने भएको छ भने अभिनेता मिथुन चक्रवर्ती र गायिका उषा उथुपलाई पद्मभूषण प्रदान गरिने भएको छ। सामाजिक कार्यकर्ता डॉ सीताराम जिंदलए  हृदय रोग विशेषज्ञ डॉ तेजस मधुसूदन पटेल अनि उत्तर प्रदेशका  पूर्व राज्यपाल राम नाइकलाई पद्म भूषणले सम्मानित गरिनेछ। पद्म पुरस्कार तीन श्रेणीमा प्रदान गरिने देशको सर्वोच्च नागरिक पुरस्कार हो जसमा पद्म विभूषणए  पद्म भूषण र पद्मश्री पर्दछन्। यी पुरस्कारहरूको घोषणा प्रत्येक वर्ष गणतन्त्र दिवसमा गरिन्छ।

****** ० ******

**<u>अमित शाह</u>**

केन्द्रिय गृहमन्त्री अमित शाहले भोलि उत्तर बंगालमा दुई ठाउँमा जनसभालाई सम्बोधित गर्नुहुनेछ। केन्द्रिय गृहमन्त्रीको आइतवार चुनाउ प्रचारको निम्ति दार्जीलिङमा जनसभालाई सम्बोधित गर्ने कार्यक्रम थियो तर मौसम खराब भएको कारण उनको हेलीकप्टर उड्न सकेन। फलस्वरूप उनलाई दार्जीलिङमा सभा नगरी फर्किनुपर्‍यो। भाजपा सूत्रहरू अनुसार, शाह भोली चुनाउ प्रचारको निम्ति बंगाल आउने तथा  रायगंज र मालदह दक्षिणमा दुई सभामा सम्बोधन गर्ने कार्यक्रम छ। लोकसभा चुनाउ प्रचारको निम्ति भाजपाको केन्द्रिय नेतृत्वले प्रायः पश्चिम बंगालको यात्रा गर्दै आइरहेका छन्। रायगंज लोकसभा क्षेत्रमा दोस्रो चरणमा 26 अप्रेलमा मतदान हुनेछ। यस पाली भाजपाले कार्तिक पाललाई उम्मेदवार बनाएको छ। 2019 मा देवश्री चौधरीले भाजपाको टिकटमा यो सीट जितेकी थिइन्। पछि उनलाई नरेन्द्र मोदी क्याबिनेटमा राज्यमन्त्री पनि बनाइयो।

**<u>शिक्षक नियुक्ति भ्रष्टाचार</u>**

पश्चिम बंगालको बहुचर्चित शिक्षक नियुक्ति भ्रष्टाचार मामिलामा कलकत्ता हाई कोर्टले सोमवार महत्वपूर्ण फसेला सुनायो। हाई कोर्टले वर्ष २०१४.का सबै नियुक्तिहरूलाई रद्द गर्ने आदेश दियो। अवैध ढंगमा नियुक्त गरिएका शिक्षकहरूबाट ब्याज सहित वेतन असुल गरिनेछ।जस्टिस देवांग्शु बसाक र जस्टिस मोहम्मद शब्बर रशिदीको खण्डपीठले सो आदेश दिएको हो। २२ हजारभन्दा अधिक अवैध नियुक्तिहरूलाई रद्द गरिएको छ तथा उनीहरूबाट आजसम्म पाएको वेतनमाथि १२ प्रतिशत ब्याज लगाएर रुपियाँ असुल गरिनेछ। कोर्टमा एसएससी ग्रुप सीए ग्रुप डीए ९औंए १०औं तथा ११औं-१२औंको नियुक्तिलाई लिएर आजसम्म सुनवाई भइरहेको थियो। सुप्रीम कोर्टले यस मामिलालाई हाई कोर्टको विशेष बेञ्चमा पठाइदिएको थियो। विशेष कुरा के हो भने अवैध ढंगले नियुक्ति पाएका मानिसहरूको लागि तृणमूल कंग्रेसका सांसद तथा अधिवक्ता कल्याण ब्यनर्जीले हाई कोर्टमा पक्ष राखे भने वरिष्ठ अधिवक्ता एवं माकपा नेता विकास रंजन भट्टचार्यले कोर्टमा प्रश्न-उत्तर गरेका थिए।

****** ० ******

**मममता बनर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले सोमबार कलकत्ता उच्च न्यायलयको २०१६ शिक्षक भर्ती परीक्षा मार्फत गरिएका सबै नियुक्तिहरू रद्द गर्ने आदेशलाई गैरकानूनी ठहराउनुभएको छ। उहाँले आफ्नो सरकारले यस निर्णयलाई चुनौती दिने बताउनुभयो। उत्तर बंगालको रायगञ्जमा चुनावी सभालाई सम्बोधन गर्दै सुश्री बनर्जीले न्यायलयको निर्णयमा भाजपाको प्रभाव रहेको दाबी गरिनुभयो। उहाँले न्यायपालिकाको एक वर्ग र यसका निर्णयहरूलाई प्रभाव पार्ने गरेको भारतीय जनता पार्टी नेताहरूमाथि आरोप पनि लगाउनुभयो। उहाँले सबै नियुक्ति खारेज गर्ने न्यायलयको निर्णय अवैधानिक भएको बताउनुभयो र आफू नोकरी गुमाएकाहरूको साथमा रहेको बताउनुभयो। हामी सुनिश्चित गर्नेछौं कि तपाईंले न्याय पाउनुहुनेछ र आदेशलाई उच्च अदालतमा चुनौती दिनेछौं। कलकत्ता उच्च अदालतले सोमबार पश्चिम बंगालको सरकारी र सरकारी सहायता प्राप्त विद्यालयहरूमा राज्य स्तर चयन परीक्षा-२०१६ ँ;ैल्द्ध को भर्ती प्रक्रिया मार्फत गरिएका सबै नियुक्तिहरू रद्द गर्न आदेश दिएको छ।

****** ० ******

**दिलीप घोष**

पश्चिम बङ्गालमा चाँडै वा ढिलो गरी भाजपाको सरकार बन्ने निश्चित रहेको पश्चिम बर्दवान जिल्लाको दुर्गापुरबाट भारतीय जनता पार्टी (भाजपा) का उम्मेदवार दिलीप घोषले सोमबार आत्मविश्वासका साथ यो कुरा बताउनु भएको हो । यस क्रममा उहाँले बङ्गालमा भाजपाको सरकार बन्ने र जनताले आफ्नो अधिकार फिर्ता पाउने समेत उहाँले बताउनुभयो।

****** ० ******

**चुनाव आयोग-हीटवेव**

निर्वाचन आयोगले लोकसभा चुनावको प्रत्येक चरण अघि लू को स्थितिको नजर राख्न एक कार्य बल गठन गरेको छ। यसमा निर्वाचन आयोग, मौसम विभाग, राष्ट्रीय आपदा प्रबंधन प्राधिकरण र स्वास्थ्य मन्त्रालयका अधिकारीहरू रहेका छन्। कार्य बलले लू को लहरसँग जुध्नका लागि चालिएका उपायहरूको समीक्षा गर्नेछ। आयोगले मतदान केन्द्रहरूमा छानो, पिउने पानी, पंखा र यस्तै अन्य सुविधाहरूको उपलब्धता सुनिश्चित गर्न राज्यका मुख्य निर्वाचन अधिकारीहरूसँग छुट्टाछुट्टै समीक्षा बैठकहरू पनि गर्नेछ।देशका केही भागमा सामान्यभन्दा बढी तापक्रम रहेको रिपोर्टका बीच निर्वाचन आयोगले आज नयाँ दिल्लीको मौसमी अवस्थाको अनुगमन गर्न र गर्मी नियन्त्रणका उपायहरूबारे छलफल गर्न सम्बन्धित निकायहरूसँग बैठक गरेको छ। मुख्य निर्वाचन आयुक्त राजीव कुमारको अध्यक्षतामा भएको बैठकमा आयुक्त चुनाव ज्ञानेश कुमार र सुखबीर सिंह सन्धु पनि उपस्थित रहेका थिए।

****** ० ******

**अनित थापा**

खरसाङको अम्बटे चियाबारीमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय अध्यक्ष अनित थापाको उपस्थितिमा गोपाल लामाको पक्षमा चुनावी सभा सम्पन्न भयो। भागोप्रमो अम्बटे ब्लक कमिटीको सभापति अमृत छेत्रीको अध्यक्षतामा सम्पन्न भएको सभालाई सम्बोधन गर्दै भागोप्रमो केन्द्रिय अध्यक्ष एवं जीटीए प्रमुख अनित थापाले हेलिकप्टरबाट आएका प्रार्थी र चिन्हलाई होइन तर आफ्नै ठाउँको भूमिपुत्रलाई भोट दिने अपील गर्नु भयो । उहाँले प्रार्थी गोपाल लामाको परिचय गराउँदै यसपालीको चुनाउमा उनलाई भोट दिन सबैलाई आह्वान् गर्नु भयो । पहिला हाम्रो ईष्ट देवलाई खुशी पार्नुपर्छ, त्यसपछि मात्र केन्द्रलाई खुशी पार्नुपर्छ। उनले अम्बटे क्षेत्रको आर्थिक अवस्थामा सुधार गर्न पर्यटन व्यवसायलाई सुधारेर अघि लैजाने, अम्बटेमा झील निर्माण गर्ने, अम्बटेको कोठीडाँडामा पर्यटनको लागि शिवजीको ठूलो मूर्ति निर्माण गरिदिने तथा सार्वजनिक भवनहरू बनाइदिने वाचा गर्नुभयो। चुनावी सभालाई क्षेत्रीय सभासद कल्पना प्रधान, भागोप्रमो अम्बटे ब्लक कमिटीका सभापति अमृत छेत्रीले पनि सम्बोधन गरेका थिए। सभा भागोप्रमो अम्बटे चियाबारी अन्तर्गत पाँचवटा बुथहरूलाई गरिएको थियो।

****** ० ******

**राजु विष्ट**

भाजपा उम्मेदवार राजु विष्टले सोमबार सिलगढी अदालत परिसरमा चुनाव प्रचार गर्नुभयो। श्री विष्टले सिलगढी कोर्ट पुगेर बार एसोसिएसनका सदस्यहरूसँग भेटघाट गर्नुको साथै भोटको अपिल पनि गर्नुभयो। यसै क्रममा वकिलहरूले अदालत र नयाँ भवनको विषय उठान गरेका थिए। जसमा श्री विष्टले चुनावपछि सिलगढी बार एसोसिएसनको समस्या समाधान गर्ने प्रयास गर्ने बताउनुभयो। यसैबीच उम्मेदवार राजु विष्टले शिक्षक नियुक्ति मामिलामा उच्च न्यायलयको फैसलाको स्वागत पनि गर्नुभयो। त्यसमा आफ्नो नोकरी गुमाएका ती २४ हजार शिक्षकको गल्ती नभएको तर दोषी भ्रष्ट सरकार र नेताहरू रहेको बताउनु हुँदै श्री विष्टले उनीहरूमाथि पहिले कानुनी कारबाही गर्नुपर्ने बताउनुभयो।

****** ० ******

**पृथ्वी दिवस**

आज विश्व पृथ्वी दिवसए मुख्य रुपमा विश्वमा वातावरण संरक्षण प्रयासलाई समर्थन गर्न यो दिवस मनाइन्छ। यस वर्षको विषयवस्तु प्लैनेट वर्सिज प्लास्टिक अर्थात् पृथ्वीको संरक्षणको दिसामा प्लास्टिक प्रदूषणको समस्या र यसले प्रकृतिमा पार्ने प्रभावको सामना गर्नु हो। सन् २२ अप्रिल १९७० मा क्यालिफोर्नियाको तटीय क्षेत्रमा ठूलो मात्रामा तेल फैलिएपछि संयुक्त राष्ट्रसंघले पृथ्वी दिवसको घोषणा गरेको थियो । अमेरिकी सिनेटर गेलर्ड नेल्सन र हार्बटका विद्यार्थी डेनिस हेजको बिचारपछि यो दिवस शुरु गरिएको थियो । यो विचार वातावरणको निरन्तर विकास र संरक्षणको लागि एक महत्वपूर्ण चेतावनी थियोए जसले भविष्यका लागि पृथ्वीको स्वस्थ र सुन्दर वातावरणको लागि एकजुट रहन विश्वव्यापी रूपमा मानिसहरूलाई आग्रह गरियो।

****** ० ******

**पक्राउ**

प्रधाननगर थानाको पुलिसले आग्नेयास्त्र सहित एक युवकलाई पक्राउ गरेको छ। पुलिस सूत्र अनुसार गएराती गुप्त सूचनाको आधारमा प्रधाननगर थानाको पुलिसले एक नम्बर वार्डको राजेन्द्रनगर क्षेत्रबाट एक युवकलाई पक्राउ गऱ्यो। उसको जाँच गर्दा एउटा आग्नेयास्त्र र तीनवटा ताजा कारतूस भेटियो। सूत्र मुताविक आरोपी एकजना अपराधी हो

****** ० ******